मिति : २०७९/१२/१५

श्री कार्यकारी निर्देशकज्यू,
नेपाल विद्युत प्राधिकरण
दवारमार्ग,काठमाडौं ।

**विषय : ध्यानाकर्षण सम्बन्धमा ।**

नेपाल विद्युत प्राधिकरणमा क्रियाशिल ट्रेडयुनियनहरू आ-आफ्नो स्थापनाकालदेखि नेपाल विद्युत प्राधिकरणको संस्थागत उन्नती, मुलुकमा जलविद्युतको विकासका साथ-साथै कार्यरत कर्मचारीहरूका सेवा, सर्त, सुविधा, वृत्तिविकास लगायतका पेशागत हक अधिकारका विषयहरूमा समर्पित हुदै आएको सर्वविदितै छ ।

मिति २०७९/११/०५ गते नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रमा कार्यरत कर्मचारीहरूलाई स्थानिय त्रिभुवन साह, धिरज पाण्डे सहितका व्यक्तिहरू बाट पटक पटक गाली गलौज, हातपात एवं साङ्घातिक आक्रमण जस्ता अराजक तथा अमानविय व्यबहार भएकोमा हामीले घोर निन्दा र भर्त्सना गर्दै तपलिका मितिमा चरणबद्ध कार्यक्रमहरू दिएको जानकारी गराउँदै हालसम्म पनि सम्बन्धित पक्षले दोषी उपर कानूनी कारवाही अगाडि नबढाएकोले हामी थप गम्भीर भएका छौं ।

**तपसिल**

१. मिति २०७९/११/०५ नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रमा कार्यरत राष्ट्र सेवक कर्मचारीहरू माथि गम्भीर सांघातिक हमला ।
२. मिति २०७९/११/०६ गते इलाका प्रहरी कार्यालय मौलापुरमा किटानी जाहेरी दिएकोमा दर्ता गर्न नमानेको ।
३. मिति २०७९/११/१० गते दोषी उपर कारवाही, घटनामा घाइते कर्मचारीहरूको तत्काल उपचार तथा क्षतिपूर्तिको व्यवस्थाका साथै कार्यलयमा शान्ति सुरक्षाको उचित प्रवन्ध मिलाउन जोडदार माग गर्दै नेपाल विद्युत प्राधिकरणमा क्रियाशिल ट्रेड युनियनहरूको सम्युक्त विज्ञप्ती प्रकाशित ।
४. मिति २०७९/११/१० गते दोषी उपर कारवाही, घटनामा घाइते कर्मचारीहरूको तत्काल उपचार तथा क्षतिपूर्तिको व्यवस्थाका साथै कार्यालयमा शान्ति सुरक्षाको उचित प्रवन्ध मिलाउन जोडदार माग गर्दै नेपाल विद्युत प्राधिकरणमा क्रियाशिल ट्रेड युनियनहरू मधेश प्रदेश समितिको संयुक्त विज्ञप्ती प्रकाशित ।
५. मिति २०७९/११/२१ गते उक्त घटनामा सम्लग्न दोषी उपर कारवाही गर्न र मौलापुर वितरण केन्द स्थानान्तरण गर्न ७ दिने अल्टिमेट सहित उक्त एरियामा विद्युत आपूर्ति बन्द (व्ल्याक आउट) गरिने व्यहोरा जानकारी गराउँदै ने.वि.प्रा. मा क्रियाशिल ट्रेड युनियनहरूको पुनः संयुक्त विज्ञप्ती प्रकाशित ।
६. विभिन्न मितिमा रौतहट जिल्लामा क्रियाशिल रहेका राजनीति दलले उक्त घटनाको विरोध गर्दै दोषी उपर कारवाही गर्न विज्ञप्ती प्रकाशित ।
७. मिति २०७९/१२/०८ गते उल्लेखित विषयको सम्बोधन नभएमा २०७९ चैत्र १५ गतेदेखि कडा भन्दा कडा आन्दोलनका कार्यक्रमहरू दिन बाध्य हुने जानकारी गराउँदै ने.वि.प्रा. कार्यकारी निर्देशकज्यू समक्ष ध्यानाकर्षण गराइएको ।

माथि उल्लेखित विज्ञप्ती तथा ध्यानाकर्षणहरूको वेवास्ता गरी मौलापुर घटनामा राष्ट्र सेवक कर्मचारीलाई हातपात गर्ने व्यक्ति स्वच्छन्द रुपमा घुमिरहेको, सम्बन्धित जिल्ला प्रशासन कार्यालय मुक दर्शकमात्र देखिएको र नेपाल विद्युत प्राधिकरणका घाइते सहितका अन्य कर्मचारीहरू आतङ्कित भई आ-आफ्नो कार्यमा कार्य गर्न सक्ने अवस्था नभएकाले **भोली मिति २०७९ चैत्र १६ गतेदेखि मधेश प्रदेश प्रादेशिक कार्यालय अन्तर्गका कार्यालयहरूमा जारी रहेको आन्दोलनको कार्यक्रम यथावत** गर्दै ने.वि.प्रा. केन्द्रीय कार्यालयमा ने.वि.प्रा.मा क्रियाशिल ट्रेड युनियनका काठमाडौंमा उपलब्ध केन्द्रीय समितिका पदाधिकारी एवं सदस्यहरूले मिति २०७९/१२/२० गतेसम्म **विहान १०:३० बजेदेखि ११:३० बजेसम्म कालोपट्टी बाँधी कार्यकारी निर्देशकज्यूको कार्यकक्षमा धर्ना दिने ।**

उक्त अवधिसम्म पनि उल्लेखित घटनाको सम्बोधन नभएमा **मिति २०७९ चैत्र २१ गते विहान १० बजेदेखि मौलापुर वितरण केन्द्र अन्तर्गत कर्मचारीहरूलाई हातपात गर्ने गराउने व्यक्तिहरूको एरियामा विद्युत आपूर्ति बन्द (व्ल्याक आउट)** गरिने व्यहोरा यसै विज्ञप्ती मार्फत सम्बद्धपक्षलाई जानकारी गराउँदछौं । यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सम्बन्धित पक्ष नै हुने व्यहोरा समेत जानकारी गराउँदछौं ।

| | | | |
|---|---|---|---|
| राम कुमार थेवे | विनोद सुवेदी | टंक प्रसाद अधिकारी | भूमिनन्द अर्याल |
| अध्यक्ष | महासचिव | सह-अध्यक्ष | बरिष्ठ उपाध्यक्ष |
| ने.वि.प्रा. कर्मचारी युनियन | ने.वि.प्रा कर्मचारी कल्याण परिषद | ने.वि.प्रा. कर्मचारी संघ | ने.वि.प्रा. राष्ट्रिय कर्मचारी युनियन |

**बोधार्थः**

श्री उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरवार ।

श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं ।

श्री जिल्ला प्रशासन कार्यालय, रौतहट ।

श्री श्रम तथा रोजगार कार्यालय, टेकु, काठमाडौं ।

श्री ने.वि.प्रा. सञ्चालक समितिका सदस्यज्यूहरू, काठमाडौं ।

श्री नेपाल विद्युत प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालय, जनकपुर ।